# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं भदौ ३० गते, २०७१ साल (संख्या १९

## भाग ३

### नेपाल सरकार

### परराष्ट्र मन्त्रालयको

### सूचना १

### राहदानी (पहिलो संशोधन) नियमावली, २०७१

राहदानी नियमावली, २०६७ मा संशोधन गर्न वाञ्छनीय भएकोले, राहदानी ऐन, २०२४ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "राहदानी (पहिलो संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राहदानी नियमावली, २०६७ को नियम २ मा संशोधन** : राहदानी नियमावली, २०६७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,–

(१) खण्ड (क) झिकिएको छ ।

२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ङ) पछि देहायका खण्ड (च), (छ), (ज), (झ) र (ञ) थपिएका छन् :-

"(च) "विभाग" भन्नाले नियम ३ बमोजिमको राहदानी विभाग सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ ।

(ज) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(झ) "निर्देशक" भन्नाले विभागको निर्देशक सम्झनु पर्छ ।

(ञ) "जिल्ला प्रशासन कार्यालय" भन्नाले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ बमोजिमको जिल्ला प्रशासन कार्यालय सम्झनु पर्छ र सो शब्दले जिल्ला प्रशासन कार्यालय मातहतमा रहेको ईलाका प्रशासन कार्यालय समेतलाई जनाउँछ ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ :-

"३. **राहदानी विभाग रहने** : राहदानी जारी गर्ने, राहदानी सम्बन्धी काम कारवाहीलाई व्यवस्थित रुपले सञ्चालन गर्ने, गराउने लगायतका अन्य काम कारबाही गर्नको लागि मन्त्रालय अन्तर्गत राहदानी विभाग रहनेछ ।"

४. **मूल नियमावलीको नियम ४ मा संशोधन** : मूल नियमावलीको नियम ४ को उपनियम (१) को,-

(१) खण्ड (क) मा रहेका "मेशिन रिडेवल राहदानी" भन्ने शब्दहरुको सट्टा "मेशिन रिडेवल राहदानी (मेशिन रिडेवल पासपोर्ट), इलेक्ट्रोनिक राहदानी (ई-पासपोर्ट), बायोमेट्रिक राहदानी (बायोमेट्रिक पासपोर्ट) वा जरुरी



२२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राहदानी (इमर्जेन्सी पासपोर्ट)" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (च) मा रहेको "राहदानी" भन्ने शब्द पछि "छपाई तथा" भन्ने शब्दहरु थपिएका छन् ।

(३) खण्ड (च) पछि देहायको खण्ड (च१) र (च२) थपिएका छन् :-

"(च१) राहदानीको लागि परेका विद्युतीय निवेदन तथा विवरण संकलन गर्ने,

(च२) इलेक्ट्रोनिक राहदानीमा राहदानी बाहकको व्यक्तिगत विवरण सहितको उपकरण (चिफ वा माइक्रोचिफ्स) राख्ने,"

५. <u>मूल नियमावलीको नियम ७ मा संशोधन</u> : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) राहदानी लिन चाहने नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र त्यसको प्रतिलिपि सहित अनुसूची- १ बमोजिमका विभाग, नियोग वा जिल्ला प्रशासन कार्यालय समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा तीन प्रति निवेदन दिनु पर्नेछ ।"

(२) उपनियम (३) मा रहेको "संरक्षकले" भन्ने शब्द पछि "हालसालै खिचेको फोटो सहितको" भन्ने शब्दहरु थपिएका छन् ।

६. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u> :मूल नियमावलीको नियम ८ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

"(५) निवेदकले नियम ७ बमोजिम दिएको निवेदनमा राहदानीको लिङ्ग सम्बन्धी महलमा महिला वा पुरुष बाहेक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य लिङ्ग उल्लेख गरेको भएमा र सम्बन्धित निवेदकको नागरिकताको प्रमाणपत्रमा समेत त्यस्तो व्यहोरा उल्लेख भएको पाइएमा सोही बमोजिमको लैङ्गिक पहिचान उल्लेख गरी राहदानी जारी गरिनेछ।"

७. <u>मूल नियमावलीमा नियम ८क. र ८ख. थप</u> : मूल नियमावलीको नियम ८ पछि देहायका नियम ८क. र ८ख. थपिएका छन :-

"८क. <u>निवेदन संकलन गर्न सक्ने</u>: (१) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुने गरी विभागले विद्युतीय माध्यमबाट राहदानीको लागि निवेदन संकलन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन दर्ता गर्ने, आवश्यक विवरण तोक्ने लगायतका अन्य कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

८ख. <u>हस्तलिखित राहदानी अमान्य गर्न सक्ने</u> : यो नियमावली प्रारम्भ हुनु अघि जारी गरिएका हस्तलिखित राहदानी मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिदेखि अमान्य गर्न सक्नेछ।"

८. <u>मूल नियमावलीको नियम १२ मा संशोधन</u> : मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ :-

"१२. <u>कूटनीतिक राहदानी</u> : (१) सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने देहायका पदाधिकारीलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयबाट लेखि आएमा विभागले कूटनीतिक राहदानी जारी गर्नेछ :-

(क) राष्ट्रपति,

(ख) उप-राष्ट्रपति,



२३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रधानमन्त्री,

(घ) प्रधान न्यायाधीश,

(ङ) संविधानसभाका अध्यक्ष/व्यवस्थापिका-संसदका सभामुख,

(च) उप-प्रधानमन्त्री,

(छ) मन्त्री,

(ज) व्यवस्थापिका-संसदमा विपक्षी दलका नेता,

(झ) संविधानसभाका उपाध्यक्ष/व्यवस्थापिका- संसदका उपसभामुख,

(ञ) राज्य मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल प्रज्ञा प्रतिष्ठानहरुका कुलपति,

(ट) सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य,

(ठ) सहायक मन्त्री, संविधानसभा/व्यवस्थापिका-संसदका सदस्य,

(ड) संवैधानिक निकायका प्रमुख, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, प्रधान सेनापति, संविधानसभा/व्यवस्थापिका-संसदका महासचिव,

(ढ) पुनरावेदन अदालतका मुख्य न्यायाधीश, राष्ट्रिय योजना आयोगका सदस्य, संवैधानिक निकायका पदाधिकारी, नेपाल राष्ट्र बैंकका गभर्नर, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, विश्व विद्यालय र प्रज्ञा-प्रतिष्ठानहरुका उपकुलपति,



२३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ण) नेपाल सरकारका सचिव वा नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, पुनरावेदन अदालतका न्यायाधीश,

(त) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल विशेष सेवाका विशिष्ट श्रेणी सरहका अधिकृतहरु,

(थ) नेपाली राजदूत, संयुक्त राष्ट्र संघका लागि नेपालका स्थायी प्रतिनिधि, नियोग प्रमुख र निजका परिवार,

(द) जिल्ला विकास समितिका सभापति (निर्वाचित), महानगरपालिकाका प्रमुख (निर्वाचित),

(ध) परराष्ट्र मन्त्रालय र यस अन्तर्गतका विभाग वा कार्यालयमा कार्यरत राजपत्राङ्कित अधिकृत कर्मचारीहरु,

(न) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिको राजकीय, औपचारिक तथा अनौपचारिक विदेश भ्रमण एवं उपराष्ट्रपति र प्रधानमन्त्रीको औपचारिक तथा अनौपचारिक विदेश भ्रमणमा संलग्न हुने भ्रमण दलका सदस्य,

(प) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम संयुक्त राष्ट्र संघको साधारण सभा, विशेष सभा र सो संघको अन्य विशिष्टीकृत निकायको साधारण सभा, एसियाली विकास बैंकको साधारण सभा, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन ( सार्क), बिमस्टेकको शिखर सम्मेलन लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय शिखर सम्मेलनमा



233

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग लिन नेपाल सरकारको प्रतिनिधित्व गरी भ्रमण दलमा जाने सदस्य,

(फ) नियोगमा खटिई जाने नेपाल सरकारका कर्मचारी र निजका परिवारका सदस्य,

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "परिवारका सदस्य" भन्नाले "निजसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ।

(ब) नेपाल सरकारको प्रतिनिधित्व गरी विशेष नियोगमा खटिई जाने व्यक्ति,

(भ) नेपाल सरकारका परराष्ट्र मन्त्रीस्तरीय निर्णयद्वारा कुनै खास प्रयोजनका लागि कूटनीतिक राहदानी दिने गरी तोकिएको व्यक्ति।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेश भ्रमणमा जान चाहने देहायका व्यक्तिले सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयको सिफारिस सहित कूटनीतिक राहदानी माग गरेमा विभागले पाँच वर्षको म्याद राखी कूटनीतिक राहदानी जारी गर्नेछ :-

(क) पूर्व राष्ट्रपति,

(ख) पूर्व उपराष्ट्रपति,

(ग) पूर्व प्रधानमन्त्री

(घ) पूर्व प्रधान न्यायाधीश,

(ङ) संविधानसभाका पूर्व अध्यक्ष/व्यवस्थापिका-संसदका सभामुख,

(च) पूर्व परराष्ट्र मन्त्री।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिमका कूटनीतिक राहदानी पाउने पूर्व पदाधिकारीले आफूसाथ भ्रमणमा आफ्नो पति वा पत्नी लैजान चाहेमा निजको पति वा पत्नीलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयको सिफारिस भई आएमा निजलाई समेत विभागले बढीमा एक वर्षको अवधि कायम राखी कूटनीतिक राहदानी जारी गर्न सक्नेछ ।

(४) सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा कूटनीतिक राहदानी पाउने पदाधिकारीको पति वा पत्नी साथमा जानु पर्ने भएमा वा निजले साथमा लैजान चाहेमा भ्रमणमा जाने पदाधिकारी कार्यरत संवैधानिक निकाय वा मन्त्रालय वा सचिवालय वा अदालत वा कार्यालयबाट सिफारिस भई आएमा निजलाई समेत बढीमा एक वर्षको अवधि कायम राखी कूटनीतिक राहदानी जारी गर्न सकिनेछ ।

(५) संयुक्त राष्ट्र संघ वा सो संघको विशिष्टीकृत निकाय, एसियाली विकास बैंक लगायत सोही प्रकारका नेपाल सदस्य रहेको अन्य अन्तरसरकारी संगठनहरुमा सहायक महासचिव वा सो सरह वा सो भन्दा माथिको पदमा कार्यरत नेपाली नागरिक र निजको पति वा पत्नीलाई निज कार्यरत पदको पदावधि समेतलाई मध्यनजर गर्दै विभागले बढीमा पाँच वर्षसम्मको लागि कूटनीतिक राहदानी जारी गर्न सक्नेछ ।

(६) नेपालको तर्फबाट नियुक्त दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का महासचिव, बिमस्टेकका महासचिव र निजको परिवारका सदस्यलाई निजको पदावधिभरको लागि विभागले कुटनीतिक राहदानी जारी गर्न सक्नेछ ।

(७) उपनियम (१) बमोजिम जारी हुने राहदानीको बहाल अवधि राहदानी बाहकको हाल कार्यरत पदको पदावधि वा सेवा समेतलाई ध्यानमा राखी विभागले निर्धारण गरे बमोजिम हुनेछ ।



232

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपनियम (१) को खण्ड (न) र (प) बमोजिम भ्रमणमा सहभागी हुने भ्रमणदलका सदस्यलाई कूटनीतिक राहदानी जारी गर्दा सामान्यतया एक वर्षको म्याद राखी कूटनीतिक राहदानी जारी गरिनेछ र त्यस्ता भ्रमणमा सहभागी हुने भ्रमणदलका सदस्यमध्ये यो नियमावली बमोजिम कूटनीतिक राहदानी पाउने पदाधिकारी बाहेकका व्यक्तिले त्यस्तो भ्रमण समाप्त भएको मितिले पन्ध्र दिनभित्र आफ्नो नाममा जारी भएको कूटनीतिक राहदानी विभागमा फिर्ता गर्नु पर्नेछ । सो समयभित्र फिर्ता नगरेमा विभागले उक्त राहदानी रद्द गर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद् वा परराष्ट्र मन्त्रीस्तरीय निर्णयद्वारा कूटनीतिक राहदानी दिने भनी निर्णय भएका व्यक्तिलाई विभागले एक वर्षदेखि पाँच वर्षसम्मको अवधि रहने गरी कूटनीतिक राहदानी जारी गर्न सक्नेछ ।

(१०) यस नियमावली बमोजिम कूटनीतिक राहदानी लिई विदेशमा कार्यरत रहेको व्यक्ति कार्यरत रहेकै बखत निजको पदावधि समाप्त हुने रहेछ भने निजको हकमा अवकाश हुने मितिमा बढीमा छ महिना थप गरी कूटनीतिक राहदानी जारी गर्न सकिनेछ । त्यस्तो सुविधा कूटनीतिक राहदानी प्राप्त गरी विदेशमा बसिरहेका निजको परिवारको सदस्य समेतलाई प्राप्त हुनेछ ।

(११) कूटनीतिक राहदानी जारी गर्दा कुनै दस्तुर लाग्ने छैन ।"

१०. <u>मूल नियमावलीको नियम १३ मा संशोधन</u> : मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ : -

"१३. <u>विशेष राहदानी</u> : (१) नेपाल सरकारबाट मनोनयन भई सरकारी काम वा अध्ययन वा अध्ययन भ्रमण वा तालीमको सिलसिलामा विदेश भ्रमणमा जाने देहायका पदाधिकारीलाई संवैधानिक निकाय वा मन्त्रालय वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सचिवालय वा अदालत वा कार्यालयबाट लेखी आएमा विभागले विशेष राहदानी जारी गर्नेछ ।

(क) नियम १२ बमोजिम कूटनीतिक राहदानी पाउने पदाधिकारी बाहेकका निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, व्यवस्थापिका-संसद सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विशेष सेवाका अधिकृत,

(ख) जिल्ला अदालतका न्यायाधीश,

(ग) जिल्ला विकास समितिका उपसभापति, महानगरपालिकाका उपप्रमुख वा उप महानगरपालिका तथा नगरपालिकाका प्रमुख,

(घ) नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर,

(ङ) प्रचलित ऐन वा नेपाल सरकारको कार्यकारी आदेशद्धारा गठित आयोगका पदाधिकारीहरु ।

(२) उपनियम (१) बमोजिम जारी हुने राहदानीको बहाल अवधि राहदानी बाहकको सेवा अवधि वा पदावधि समेतलाई ध्यानमा राखी त्यस्तो कर्मचारी अवकाश हुने मितिभन्दा बढी अवधि बहाल नरहने गरी बढीमा दश वर्षसम्मको अवधि कायम रहने गरी जारी गर्न सकिनेछ । तर त्यस्तो राहदानी बाहक विदेशमा नेपाल सरकारबाट खटाई कार्यरत रहेकै बखत पदावधि समाप्त हुने रहेछ भने निजका हकमा अवकाश हुने मितिमा बढीमा छ महिना थप गरी जारी गर्न सकिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रयोजनको लागि सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालय वा अदालत वा सचिवालय वा कार्यालयबाट विशेष राहदानी दिनको लागि सिफारिस भई आएमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयद्वारा विशेष राहदानी दिने भनी निर्णय भएका पदाधिकारी वा विशेष व्यक्तिलाई



236

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागले पदाधिकारीको पदावधि अनुसार एक वर्षदेखि बढीमा पाँच वर्षको अवधि कायम रहने गरी विशेष राहदानी जारी गर्न सक्नेछ ।

(४) नेपाल सरकारबाट मनोनयन भई छात्रवृत्तिमा अध्ययन गर्न वा अध्ययन भ्रमण वा तालीमका सिलसिलामा विदेश जाने अन्य कर्मचारीलाई विशेष राहदानी जारी गर्न सकिनेछ ।

(५) संयुक्त राष्ट्र संघ शान्ति सेनामा खटी जाने नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीका कर्मचारीको लागि सम्बन्धित निकायबाट अनुरोध भई आएमा विशेष राहदानी जारी गर्न सकिनेछ ।

(६) विशेष राहदानी जारी गर्दा कुनै दस्तुर लाग्ने छैन ।"

११. <u>मूल नियमावलीको नियम १४ मा संशोधन</u> : मूल नियमावलीको नियम १४ को,-

(१) उपनियम (३) र (४) झिकिएका छन् ।

(२) उपनियम (५) पछि देहायका उपनियम (६) र (७) राखिएका छन् :-

"(६) विभागले आकस्मिक, द्रुत वा यसै प्रकारका अन्य विशेष सेवा दिई साधारण राहदानी जारी गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिमको राहदानी बापत अनुसूची-४ मा उल्लेख भए बमोजिमको दस्तुर लाग्नेछ ।"

१२. <u>मूल नियमावलीको नियम १५ मा संशोधन</u> : मूल नियमावलीको नियम १५ को,–

(१) उपनियम (५) मा रहेको "निःशुल्क:" भन्ने शब्दपछि "एकपानाको" भन्ने शब्द थपिएकोछ ।



२३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) उपनियम (५) पछि देहायका उपनियम (६), (७), (८) र (९) थपिएका छन् :–

"(६) नियोगले नेपाली बाबु आमाका विदेशमा जन्मेका नाबालक छोराछोरीलाई आफूसँगै नेपाल फर्कने प्रयोजनका लागि एकपटक एकपानाको एकतर्फी यात्रा अनुमतिपत्र दिन सक्नेछ।

तर नेपाली बाबु र विदेशी आमा तथा नेपाली आमा र विदेशी बाबुबाट विदेशमा जन्मेका नाबालक छोराछोरीलाई आफूसँगै नेपाल फर्कने प्रयोजनका लागि एकपटक एकपानाको एकतर्फी यात्रा अनुमतिपत्र दिन यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

(७) उपनियम (६) बमोजिम यात्रा अनुमतिपत्र माग गर्दा नेपाली बाबु-आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली राहदानीको प्रतिलिपि र सम्बन्धित देशको सम्बन्धित निकायबाट जारी भएको नाबालकको जन्मदर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

(८) उपनियम (५) र (६) बमोजिम जारी भएको यात्रा अनुमतिपत्रको अवधि बढीमा तीन महिनाको हुनेछ ।

(९) उपनियम (५) र (६) बमोजिम जारी गरिने यात्रा अनुमतिपत्रको ढाँचा अनुसूची-६ बमोजिमको हुनेछ ।"

१३. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को उपनियम (२) मा रहेको "छ महिनासम्म" भन्ने शब्दहरुको सट्टा "अठार महिनासम्म" भन्ने शब्दहरु राखिएका छन् ।

१४. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ को,–

(१) उपनियम (१) को,-



235

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खण्ड (घ) र (ङ) को सट्टा देहायको खण्ड (घ) र (ङ) राखिएका छन् :-

"(घ) राहदानीको सबै पानाहरु प्रयोग भइसकेमा,

(ङ) राहदानी बहाल रहने अवधि बाकी हुँदै राहदानी हराएमा सो हराएको राहदानीको विवरण नेपालका राष्ट्रियस्तरको कुनै दैनिक पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशन भएको मितिले एक हप्ता समाप्त भएपछि स्थानीय प्रहरी कार्यालयबाट राहदानी खोज तलास गर्दा फेला नपरी हराएको पुष्टी हुने गरी जारी गरिएको प्रहरी प्रतिवेदन र राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित सूचनाको सक्कल प्रति सहित निवेदन पर्न आएमा,

तर विदेशमा राहदानी हराएको अवस्थामा आफूलाई पायक पर्ने नजिकको नेपाली नियोगमा प्रहरी प्रतिवेदन, हराएको राहदानीको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको सक्कल र प्रमाणित प्रति समेत संलग्न गरी तोकिएको दस्तुर सहित निवेदन दिन सकिनेछ ।"

(ख) खण्ड (च) मा रहेको "त्यस्तो" भन्ने शब्दको सट्टा "हस्तलिखित" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) उपनियम (१) को खण्ड (ङ) बमोजिमको अवस्था परी नयाँ राहदानी जारी गर्दा अनुसूची-४ बमोजिसको दस्तुर लाग्नेछ ।"

१५. <u>मुल नियमावलीमा नियम १८क. थप</u> : मूल नियमावलीको नियम १८ पछि देहायको नियम १८क. थपिएको छ :-

"१८क. **<u>नयाँ राहदानी जारी गर्न सकिने विशेष व्यवस्था</u>** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पहिले जारी भएको राहदानीमा उल्लिखित नाम, थर, जन्म मिति वा ठेगानाबाट



२४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विदेशमा आफ्नो अभिलेख खडा भइसकेकोमा आफ्नो नागरिकताको प्रमाणपत्रमा उल्लिखित नाम, थर, जन्म मिति वा ठेगाना भन्दा फरक रुपमा राहदानीमा उल्लेख भएमा त्यस्तो सामान्य अक्षर (स्पेलिङ) वा अङ्क नमिलेको भनी कारण खुलाई आवश्यक कागजात सहित नागरिकताको प्रमाणपत्र बमोजिम पुरानो राहदानीको विवरण सच्याई नयाँ राहदानी जारी गर्न विभाग, नियोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा नियोगले निवेदन सहितको विवरण विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम निवेदन प्राप्त भएमा आवश्यक छानबिन गरी विभागले पुरानो राहदानीको विवरण सच्याई नयाँ राहदानी जारी गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम नयाँ राहदानी जारी गर्दा अनुसूची-४ बमोजिमको दस्तुर लाग्नेछ ।"

१६. <u>मूल नियमावलीको नियम २१ मा संशोधन</u> : मूल नियमावलीको नियम २१ को,-

(१) उपनियम (१) मा रहेका "मेशिन रिडेवल" र "सामान्यतया:" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :–

"(३) निवेदकले राहदानी वा यात्रा अनुमतिपत्रका लागि दिएको निवेदन फाराममा टाईपिङ्गका क्रममा त्रुटीबस विवरण गलत लेखिन गएको वा कुनै विवरण लेख्न छुट हुन गएको कारणले तयार भइसकेको राहदानीमा कुनै संशोधन गर्नु परेमा जारी भएको छ महिनाभित्र आवश्यक कागजात



२४९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहित निवेदन गरेमा बिना दस्तुर र सो अवधि भन्दा पछि भए अनुसुची-४ बमोजिमको दस्तुर लिई नयाँ राहदानी जारी गर्न सकिनेछ ।

तर विभागले गलत विवरण उल्लेख गरेको कारणले कसैले नयाँ राहदानी माग गरेमा विभागले बिना दस्तुर नयाँ राहदानी जारी गर्नु पर्नेछ ।"

(३) उपनियम (४) मा रहेका "(४)" भन्ने अंकको सट्टा "(३)" भन्ने अंक राखिएको छ ।

१७. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको अनुसूचीमा देहाय बमोजिम संशोधन गरिएको छ :-

(१) अनुसूची–१ को,-

(क) अनुसूची शीर्षकमा रहेको "कार्यालय तथा नियोग" भन्ने शब्दहरुको सट्टा "विभाग, नियोग तथा जिल्ला प्रशासन कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ङ) मा रहेका "विश्वविद्यालय तथा विद्यालयमा" भन्ने शब्दहरुको सट्टा "सरकारी विश्वविद्यालय तथा सरकारी विद्यालयमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसुची–४ को,-

(क) खण्ड २ को उपखण्ड (क) मा रहेका "दुई हजार" भन्ने शब्दहरुको सट्टा "चार हजार" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड ३ पछि देहायको खण्ड ४. राखिएको छ :-

"४. विशेष प्रकारको सेवा (छिटो वा द्रुत) दिई साधारण राहदानी जारी गर्दा दश हजार रुपैयाँ ।"





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अनुसुची–५ मा रहेको "नियम २१" भन्ने शब्द र अङ्कको सट्टा "नियम २०" भन्ने शब्द र अङ्क राखिएका छन् ।

(४) अनुसुची–५ पछि यसैसाथ संलग्न "अनुसुची-६" थपिएको छ ।

१८. मूल नियमावलीको ठाउँ ठाँउमा रहेका "क्षेत्रीय प्रशासन कार्यालय" भन्ने शब्दहरु झिकिएका छन् ।

१९. <u>रुपान्तर</u> : मूल नियमावलीको ठाँउ ठाँउमा रहेका देहाय बमोजिमका शब्दहरु देहाय बमोजिम रुपान्तरण गरिएका छन् :-

(१) "कार्यालय" भन्ने शब्दको सट्टा "विभाग" ।

(२) "कार्यालय प्रमुख" भन्ने शब्दहरुको सट्टा "महानिर्देशक" ।



283

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-६

(नियम १५ को उपनियम (९) सँग सम्बन्धित)

यात्रा अनुमतिपत्रको नमूना

## Government of Nepal

**EMBASSY/PERMANENT MISSION/CONSULATE GENERAL/CONSULATE OF NEPAL**

..............................................

TD No.: DATE:

### ONE WAY TRAVEL DOCUMENT

THE EMBASSY/ PERMANENT MISSION / CONSULATE GENERAL / CONSULATE OF NEPAL AT........REQUESTS AND REQUIRES ALL THOSE WHOM IT MAY CONCERN TO ALLOW MR./MS...............WITH THE FOLLOWING DESCRIPTION, TO PASS FREELY, WITHOUT LET OR HINDARENCE, AND TO AFFORD HIM/HER ALL NECESSARY HELP AND COOPERATION HE/SHE MAY STAND IN NEED OF.

THIS TRAVEL DOCUMENT IS VALID TILL...............FOR ONE WAY TRAVEL TO NEPAL AND COUNTRIES EN ROUTE.

**DESCRIPTION**

NAME :
ADDRESS :
SEX :
DATE OF BIRTH :
OLD PASSPORT NO.:

**PHOTOGRAPH**

ISSUING AUTHORITY:

NAME:

SIGNATURE:

STAMP

SIGNATURE OF THE ISSUING AUTHORITY

मुद्रण विभाग, सिंहदरबार



288

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

सूचना २

## अवैतनिक वाणिज्यदूत सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०७१

अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरुको नाम "अवैतनिक वाणिज्यदूत सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ को नियम ३क. मा संशोधन:** अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३क. को सट्टा देहायको नियम ३क. राखिएको छ :-

"३क. **अवैतनिक वाणिज्यदूतको योग्यता:** (१) नियम ३ बमोजिम अवैतनिक वाणिज्यदूतमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) पच्चीस वर्ष उमेर पूरा भएको,

(ख) कुनै व्यापार, व्यवसाय वा पेशामा संलग्न रही स्वीकार गर्ने राज्यमा ख्याति प्राप्त व्यक्तिको हैसियत भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) नेपालप्रति सद्भाव भएको,



२८५

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(च) नेपालको विदेश नीति, राजनीतिक व्यवस्था, आर्थिक तथा सांस्कृतिक पक्षहरुबारे यथेष्ट जानकारी भएको र नेपाल सरकारको आर्थिक कूटनीतिको कार्यान्वयनमा योगदान दिन सक्ने,

(छ) द्विपक्षीय सम्बन्ध लगायत नेपालको राष्ट्रिय हित प्रबर्द्धनमा योगदान पुऱ्याउन सक्ने,

(ज) स्वीकार गर्ने राज्यको सरकार, स्थानीय निकायहरु तथा स्थानीय व्यापारिक समुदायसँग राम्रो सम्पर्क स्थापित भएको तथा नेपालको पक्षमा समर्थन जुटाउन सक्ने क्षमता भएको,

(झ) तोकिएको कन्सुलर कार्यक्षेत्रमा वर्षमा कम्तीमा ६ महिना बसोबास गर्न सक्ने,

(ञ) आफ्नै खर्चमा कार्यालय स्थापना र सञ्चालन गर्ने इच्छा र क्षमता भएको,

(ट) नेपाली समुदायसँग राम्रो सम्बन्ध भएको,

(ठ) नेपाल सरकारको दृष्टिमा उपयुक्त ठहरिएको ।



२४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) यस नियमावली बमोजिम मित्रराष्ट्रहरुमा नेपालको लागि अवैतनिक वाणिज्यदूत नियुक्ति गर्नका लागि सिफारिस भएको व्यक्तिको सम्बन्धमा मन्त्रालयले नेपाल सरकारका सम्बन्धित निकायबाट सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) माग गर्नु पूर्व मन्त्रालयले सिफारिस भएको व्यक्तिबाट कन्सुलर उन्मुक्ति तथा सुविधाको दुरुपयोग हुने सम्भावना छ, छैन सो सम्बन्धमा समेत विचार गर्नु पर्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली बमोजिम अवैतनिक वाणिज्यदूतमा नियुक्तिको लागि सिफारिस गर्दा व्यापार, व्यवसाय, पर्यटन, लगानी तथा प्रविधि हस्तान्तरणका क्षेत्रमा सहयोग पुऱ्याउन सक्ने, उच्चस्तरीय भ्रमण गराउन प्रयास गर्न सक्ने तथा नेपाल एवं सम्बन्धित मित्रराष्ट्र बीचको सम्बन्धलाई सुदृढ बनाउन आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन सक्ने व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्नेछ ।"

३. <u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर कुनै राष्ट्रले अवैतनिक वाणिज्यदूत नियुक्त गरिसकेको अन्य राष्ट्रको नागरिक वा यस नियमावली बमोजिमको योग्यता पुगेको र कुनै पनि राजनीतिक दल वा संगठनको सदस्य नरहेको सम्बन्धित देशमा बसोबास गर्ने गैर आवासीय नेपालीलाई अवैतनिक वाणिज्यदूतमा नियुक्त गर्न सकिनेछ ।"



२४६
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४. **मूल नियमावलीको नियम १२ मा संशोधन:** मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ :-

"१२. **मित्रराष्ट्रद्वारा अवैतनिक वाणिज्यदूत नियुक्ति:** (१) कुनै मित्रराष्ट्रले चाहेमा नेपालको वाणिज्य क्षेत्रमा अवैतनिक वाणिज्यदूत नियुक्त गर्न सक्नेछ ।

(२) देहायको योग्यता भएको कुनै नेपाली नागरिकलाई कुनै मित्रराष्ट्रले उपनियम (१) बमोजिम नेपालमा अवैतनिक वाणिज्यदूत नियुक्त गर्न चाहेमा स्वीकृतिको लागि मन्त्रालय समक्ष प्रस्ताव गर्न सक्नेछ :-

(क) पच्चीस वर्ष उमेर पूरा भएको,

(ख) सार्वजनिक जीवनमा ख्याति कमाएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(ङ) बैंक तथा वित्तीय संस्थाहरुको ऋण नतिरे बापत कालो सूचीमा नपरेको,

(च) साहूको दामासाहीमा नपरेको,

(छ) एकाघर परिवारका कुनै सदस्य अर्को कुनै मित्रराष्ट्रको अवैतनिक वाणिज्यदूतमा नियुक्त नभएको ।

(३) उपनियम (२) बमोजिम प्रस्तावित व्यक्तिका सम्बन्धमा मन्त्रालयले नेपाल सरकारका सम्बन्धित निकायबाट सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) तथा बैंक तथा वित्तीय संस्थाहरुको ऋण



२४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

नतिरे बापत कालो सूचीमा परे नपरेको सम्बन्धमा लिखित जानकारी माग गर्नेछ र त्यसरी माग गरिए बमोजिम सुरक्षा पास प्राप्त भएमा र कालो सूचीमा नपरेको पाइएमा मात्र मन्त्रालयले अवैतनिक वाणिज्यदूतमा नियुक्तिका लागि स्वीकृति दिनेछ ।

(४) उपनियम (२) बमोजिम प्रस्तावित व्यक्तिको हकमा सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) प्राप्त नभएको वा कालो सूचीमा परेको जानकारी आएमा मन्त्रालयले अर्को कुनै योग्यता प्राप्त व्यक्तिलाई नियुक्तिको लागि प्रस्ताव गर्न सम्बन्धित मुलुकलाई अनुरोध गर्नेछ ।

(५) उपनियम (३) बमोजिम सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) माग गर्नु पूर्व मन्त्रालयले प्रस्तावित व्यक्तिबाट कन्सुलर उन्मुक्ति तथा सुविधाको दुरुपयोग गर्ने सम्भावना छ, छैन सो सम्बन्धमा समेत विचार गर्नु पर्नेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मित्रराष्ट्रले कुनै नेपाली नागरिकलाई अवैतनिक वाणिज्यदूतमा नियुक्तिको लागि प्रस्ताव गर्दा व्यापार, व्यवसाय, पर्यटन, लगानी तथा प्रविधि हस्तान्तरणका क्षेत्रमा सहयोग पुऱ्याउन सक्ने उच्चस्तरीय भ्रमण गराउन प्रयास गर्न सक्ने, नेपाली नागरिकहरुलाई आवश्यकता अनुसार सम्बन्धित देशको भिसा प्राप्त गर्न सहजीकरण गर्न सक्ने र नेपाल तथा सम्बन्धित मित्रराष्ट्र बीचको सम्बन्धलाई सुदृढ बनाउन आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन सक्ने व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

आज्ञाले,

**शंकरदास वैरागी**

नेपाल सरकारको का.मु. सचिव



२४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।